# महादेवा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## बथनाहा, सप्तरी

***सुत्केरी प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि २०८२***

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यवाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सवैको समान पहुँच रहने कुरालाई मौलिकहकको रुपमै प्रत्याभूत गरेकोले गुणस्तरीय स्वास्थ्य तथा पोषण प्रवर्द्धन गर्न गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरु र अन्य सरकारी संस्थाहरुमा सुत्केरी हुने आमाहरुको स्वास्थ्य स्थितिमा सकारात्मक सुधार ल्याउन, आमा र नवशिशुलाई स्वास्थ्य राख्न आमाहरुको उच्च सहभागिताको सुनिश्चितता गर्दै आमा तथा वालबालिकाको शारीरिक, मानसिक र वौद्धिक विकासमा सुधार ल्याउन पोषिलो खाना खान उत्प्रेरित र सशक्तिकरण गर्न वान्छनीय भएकोले,

महादेवा गाउँपालिकाले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम अधिकार प्रयोग गरी ***सुत्केरी प्रोत्साहन कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०८२*** बनाएको छ । यो कार्यविधि महादेवा गाउंपालिका गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति बाट लागू हुनेछ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम :** (१) यस कार्यविधिको नाम ***सुत्केरी प्रोत्साहन कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०८२*** रहेको छ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **अध्यक्ष** भन्नाले महादेवा गाउँपालिकाको अध्यक्षलाई जनाउँछ ।

क) **उपाध्यक्ष** भन्नाले महादेवा गाउँपालिकाको उपाध्यक्षलाई जनाउँछ ।

ख) **सरकारी अस्पताल** भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्व रहेको अस्पताल वा प्रसुती गृह वा स्वास्थ संस्थालाई जनाउँछ ।

ग) **सुत्केरी** भन्नाले सुत्केरी हुने आमालाई सम्झनु पर्छ ।

घ) **प्रोत्साहन रकम** भन्नाले यस कार्यविधि बमोजिम गाउँपालिकाले सुत्केरी आमालाई पौष्टिक आहार बापत उपलब्ध गराउने अनुदान रकमलाई सम्झनु पर्छ ।

ङ) **कार्यालय** भन्नाले महादेवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

च) **वडा कार्यालय** भन्नाले महादेवा गाउँपालिका अन्तर्गतका वडा कार्यालयलाई सम्झनु पर्छ ।

छ) **स्वास्थ्य शाखा** भन्नाले महादेवा गाउंपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तर्गतको जनस्वास्थ्य सम्बन्धि काम गर्ने शाखालाई सम्झनु पर्छ ।

परिच्छेद २ : **उद्देश्य**

**३. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।**

३.१ मातृ तथा बाल स्वास्थ्यका साथै पोषण सेवा उपलब्ध गर्न र गलत सामाजिक अभ्यासहरु तथा कुरीतिहरुको अन्त्य गर्दै बाधाहरु हटाउन,

३.२ सुत्केरी आमा तथा अभिभावकहरुलाई पोषण सेवाको जानकारी गराउन र संस्थागत सुत्केरी सेवा लिनको लागि अभिप्रेरित गर्न,

३.३ मातृ शिशु स्वास्थ्यमा समुदाय र स्थानिय स्वास्थ्य संस्थाबीच सहकार्य बढाउन,

३.४ लक्षित समुदायलाई सेवा लिन अभिप्रेरित गर्न स्थानीय सरकारले जिम्मेवारी तथा अपनत्व वहन गरेको अनुभुति दिलाउन,

३.५ गरिव, जोखिममा परेका, विपन्न र आर्थिक तथा सामाजिक रुपमा उपेक्षित वर्गको महिलाहरुलाई स्वास्थ्य सेवामा सहभागी हुने अवसर प्रदान गर्न,

३.६ प्रजनन स्वास्थ्य एक आधारभूत स्वास्थ्य सेवा भएको र यो सवैको अधिकार भएको कुरा समुदाय स्तरसम्म जानकारी गराउन तथा उनीहरुलाई यसको बारेमा सचेत गराउन,

३.७ स्वास्थ्य सेवाको उपयोगितामा वृद्धि गर्दै संस्थागत सुत्केरी सेवामा वृद्धि गर्न ,

परिच्छेद ३

**४. षौष्टिक आहारको व्यवस्थाका लागि पोषण प्रोत्साहन रकम प्रदान गर्न सकिने** अवस्था देहाय बमोजिम हुनेछ ।

४.१ आ.व. ०८२।८३ को श्रावन १ गते देखि सरकारी अस्पताल वा स्वास्थ्य संस्थामा सुत्केरी हुने गरिब, असहाय तथा आर्थिक रुपले विपन्न आमाको हकमा मात्र प्रति पटक रु ५०००।०० (अक्षरेपी रु. पाँच हजार मात्र) पोषण प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।

४.२ पोषण प्रोत्साहन रकम सुत्केरी महिलाले बढीमा २ पटक सुत्केरी सेवाको लागि मात्र पाउने छ ।

परिच्छेद ४

***५. पोषण प्रोत्साहन रकम पाउने आधारहरु देहाय बमोजिम हुनेछ ।***

५.१ महिलाले नेपाल सरकारले तोकेबमोजिम स्वास्थ्य संस्थामा कम्तिमा चार पटक गर्भ जाँच गरेको हुनुपर्ने ।

५.२ सरकारी/नीजि स्वास्थ्य संस्थामा सुत्केरी भएको हुनुपर्ने ।

५.३ सुत्केरी महिला गरिब, दलित वा आर्थिक रुपले विपन्न परिवारको हुनुपर्ने ।

५.४ सुत्केरी भएको ३५ दिन भित्र स्वास्थ्य शाखामा पोषण प्रोत्साहन रकम माग गर्न निवेदन पेश गरेको हुनुपर्ने ।

परिच्छेद ५

**६. पोषण प्रोत्साहन रकम प्राप्त गर्न आवश्यक कागजातहरु देहाय बमोजिम हुनेछ ।**

क) अनुसूची १ बमोजिमको निवेदन फारम र सो निवेदनमा महादेवा गा.पा. स्वास्थ्य शाखा प्रमुखको सिफारिस

ख) सुत्केरी महिलाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ग) शिशुको अस्पताल वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्म प्रमाणपत्रको प्रतिलिपि

घ) अन्य स्थानबाट बसाई सराई गरी आएको भए बसाई सराई प्रमाणपत्रको प्रतिलिपि

ङ) अस्पताल वा स्वास्थ्य संस्थाले अपलब्ध गराएको गर्भवति तथा नवजात शिशु सेवा कार्डको प्रतिलिपि

च) आर्थिक रुपले गरिव, विपन्न रहेको भनी सम्बन्धित वडा कार्यालयको सिफारिस

**७. पोषण प्रोत्साहन रकम प्रदान गर्ने तरिका**

७.१ महादेवा गाउँपालिकाको स्वास्थ्य शाखामा आवश्यक कागजात सहित निवेदन दर्ता भएका प्रत्येक सुत्केरी महिलालाई पोषण प्रोत्साहन रकम महादेवा गाउँपालिकाले आवश्यक स्थान वा सुत्केरीको घरआँगनमा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष वा निजको प्रतिनिधि, वडा अध्यक्ष, स्वास्थ्य शाखा प्रमुख एवम् स्वास्थ्य संस्थाका कर्मचारी वा अन्य जनप्रतिनिधिको रोहवरमा अनुसूची २ बमोजिमको भरपाई गरि वितरण गरिनेछ । साथै सो भरपाई अभिलेखको रुपमा सुरक्षित राख्नुपर्नेछ ।

**८. पोषण प्रोत्साहन रकम पौष्टिक तत्वयुक्त आहार किन्न खर्चिनुपर्ने** : सुत्केरी आमाले प्राप्त गरेको पोषण प्रोत्साहन रकम देहाय बमोजिम खर्चिनुपर्नेछ ।

८.१ महादेवा गाउँपालिकाको कार्यालयले पोषण प्रोत्साहन रकम वापत उपलब्ध गराउने रु ५०००।०० (अक्षरेपी रु पाँच हजार मात्र) बाट स्थानीय बजारमा उपलब्ध हुने अण्डा, गेडागुडी, फलफूलहरु, हरियो सागपात, घिउ लगायतका पौष्टिक तत्वयुक्त आहारहरु किन्नमा अनिवार्य खर्च गरी उपभोग गर्नुपर्नेछ ।

परिच्छेद ६

## ९. विविध

९.१ विशेष परिस्थितिमा पोषण प्रोत्साहन वापतको रकम बरावरको पौष्टिक तत्वयुक्त आहार गाउँकार्यपालिकाको कार्यालयले प्रचलित नियमानुसार खरिद गरी सुत्केरी महिलालाई सोभ्कै समेत उपलब्ध गराउन सक्नेछ ।

९.२ सुत्केरी महिलालाई उपलब्ध गराइने पोषण प्रोत्साहन वापतको रकम भरपाईको आधारमा स्वास्थ्य शाखा प्रमुखलाई शोधभर्नाको रुपमा सम्बन्धित शिर्षकबाट उपलब्ध गराइनेछ ।

९.३ यस कार्यविधि विपरित महादेवा गाउँपालिका सप्तरी क्षेत्र बाहिरका महिलाको हकमा कार्यान्वयन गर्न गराउन वा त्यस्तो निर्णय वा आदेश दिन वा सिफारिस तथा सहयोग गर्न पाइने छैन ।

९.४ यस कार्यविधिको अनुसूचीमा कार्यपालिकाले आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

९.५ यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानिय सरकार संचालन ऐन २०७४ र अन्य प्रचलित कानून संग बाभिएमा बाभिएको हदसम्म अमान्य हुनेछ ।

९.६ कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

## १०. वाधा अडकाउ फुकाउ

८.१ यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची १
## सुत्केरी प्रोत्साहन कार्यक्रम
## पोषण प्रोत्साहन रकम लिन पेश गरिने निवेदनको ढाँचा

महादेवा गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय बथनाहा, सप्तरी ।

*विषय : पोषण प्रोत्साहन रकम उपलब्ध गराई पाउँ ।*

१. सुत्केरी महिलाको नामथर :
२. नागरिकता प्र.पत्र नं. तथा ना.प्र.प. लिएको जिल्ला :
३. पति अभिभावकको नामथर र ना.प्र.प. नं. :
४. नवशिशुको नाम :
५. शिशुको जन्ममिति :
६. नवशिशु जन्मेको अस्पताल वा स्वास्थ्य संस्थाको नाम :
७. जन्मदर्ता प्रमाणपत्र नं. :
८. स्थायी ठेगाना :

निवेदक
सही :
नामथर :
ठेगाना :

सिफारिस गर्ने
स्वास्थ शाखा प्रमुखको नामथर :
सही :
मिति :

अनुसूची २

पोषण प्रोत्साहन रकम बुझिलिएको भरपाई अभिलेख

| सि.नं. | सुत्केरी महिलाको नामथर र वतन | बुझिलिएको रकम | बुझिलिएको मिति | बुझिलिनेको सहीछाप | रोहवरमा बस्नेको नामथर र सहीछाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |